# नेपाल राष्ट्र बैंक

# प्रेस समाचार

गभर्नर डा. युवराज खतिवडासँग निर्यात उद्योगसँग सम्बन्धित विभिन्न संघका प्रतिनिधिहरूको असार ६ गते केन्द्रीय कार्यालय, बालुवाटारमा भेटघाट सम्पन्न भयो । नेपाल तयारी पोशास उद्योग संघका अध्यक्ष उदयराज पाण्डेको नेतृत्वमा आएको प्रतिनिधिमण्डलमा नेपाल हस्तकला महासंघ, केन्द्रीय गलैंचा उद्योग संघ, गलैंचा निकासीकर्ता संघ लगायत पस्मिना, सिल्क, हर्वल, चिया उद्योग, हाते कागज पुष्प व्यवसायसँग समबन्धित संघहरुको सहभागिता रहेको थियो । भेटका अवसरमा प्रतिनिधिमण्डलद्वारा निकासीमूलक उद्योगको विकासका लागि नेपाल राष्ट्र बैंकले चाल्नुपर्ने कदमका सम्बन्धमा जानकारी गराइएको थियो । यस्ता उद्योगहरूमा बढीभन्दा बढी व्यक्तिहरूलाई आकर्षित गरी उद्योगको द्रूततर विकासका साथै अन्तराष्ट्रिय बजारमा प्रतिष्पर्धी बनाउन नेपाल राष्ट्र बैंकले प्रदान गर्ने Rifinance सुविधा केही नीतिगत कारणले उपयोग गर्न नसकिएकोमा सो अवरोध हटाइदिनुका साथै विदेशी मुद्राको प्रचलित Spread Rate कम गरिदिन आग्रह गरेको थियो ।



उक्त अवसरमा गभर्नर डा. खतिवडाले वाणिज्य बैंकहरूले कर्जा प्रवाह गर्दा निक्षेपकर्ताको सुरक्षालाई ध्यान दिनुपर्ने आवश्यकता औंल्याउँदै पर्याप्त तरलता उपलब्ध भएको अवस्थामा पुनर्कर्जा प्रभावकारी नहुने हुँदा सो प्रभावकारी नभएको हुनसक्ने धारणा राख्नुभयो । आर्थिक उदारीकरणको युगमा राज्यले अर्थतन्त्रमा ठूलो हस्तक्षेप गर्न नहुने भन्दै उहाँले बैंकले प्रतीतपत्र मार्फत् मात्र ऋण उपलब्ध गराएकामा आगामी दिनमा अन्य स्वीकारयोग्य उपकरण मार्फत् पनि कर्जा दिने व्यवस्था गर्न सकिने आस्वासन दिनुभयो । साथै, उहाँले निर्यातमूलक उद्योगको प्रवर्द्धन र विकासका लागि नेपाल राष्ट्र बैंक आफ्नो तर्फबाट आगामी मौद्रिक नीति माफृत् सहयोग गर्न बैंक तयार रहेको आस्वासन दिनुभएको थियो ।

२०६९ असार ६ गते बुधबार

गभर्नरको कार्यालय